अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ संग सम्बन्धित)

# लेटाङ नगरपालिका

## स्थानीय राजपत्र

खण्ड: ३ संख्या: १. मिति: २०७६।०४।१५

### भाग-१

### लेटाङ नगरपालिका

# लेटाङ नगरपालिका शिक्षा ऐन २०७६

सभाबाट स्वीकृत मिति : २०७६।०३।३१

प्रमाणिकरण मिति : २०७६।०३।३१

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना :** सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनशक्ति तयार गर्न लेटाङ नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा जोड दिँदै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले, लेटाङ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम: "लेटाङ नगरपालिका शिक्षा ऐन, २०७६" रहेको छ।

(२) यो ऐन लेटाङ नगरपालिका भर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(च) "सभा" भन्नाले लेटाङ नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(छ) "नगरपालिका" भन्नाले लेटाङ नगर कार्यपालिका सम्झनुपर्छ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ञ) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा कार्यविधिमा तोकिए बमोजिम सम्झनुपर्छ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(थ) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(द) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ।

(न) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(प) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

(फ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ:

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने:** (१) कुनै नेपाली नागरिकले सामुदायिक वा सहकारी वा शैक्षिक गुठीमा विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यस सम्वन्धि अन्य व्यवस्था तोकिए बमिजिम हुनेछ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने:** □(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम निवेदन परेमा □नगरपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३)उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा □नगरपालिका वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

□(४)यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५)उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६)उपदफा (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई ▯शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकामा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(७) पूर्वप्राथमिक विद्यालय, मन्टेश्वरी, भाषा कक्षा, कोचिङ जस्ता शैक्षिक संस्थाको संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

▯(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछः

क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने,

ख. शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

घ. शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृती लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने बिषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन ।

(११) उपदफा (१), (२) र (३) मा जुनुकै कुरा लेखिएको भए तापनि कुनै बिदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर बिदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिश भएमा मन्त्रालयले शर्त तोकी नगरपालिकिभत्र विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको नगरपालिकाको पूर्वस्वीकृति लिइ मन्त्रालयसमक्ष सिधै निवेदन दिन सकिनेछ ।

(१२) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा  नगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१३) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।

४. **विद्यालयको सञ्चालन** : विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतपनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(क) प्राथमिक  शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : (१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन।

७. **नगर शिक्षा समिति** : (१) नगरपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक नगर शिक्षा समिति रहनेछ।

(२) नगर शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **वडा शिक्षा समिति :** (१) नगरपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समिति :** (१) नगरपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ।

१०. **विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक तथा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यस्थापन समिति रहनेछ।

(२) विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

११. **नगरपालिकाले निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

१२. **नगर शिक्षा कोषः** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) शिक्षा करबाट उठेको रकम

(घ) चन्दाबाट उठेको रकम

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१३. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने** : नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

१४. **विद्यालयको सम्पति** : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ।

(३) कम्पनि अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनिको नाममा रहनेछ।

१५. **विद्यालयलाई छुट र सुविधा** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन।

१६. **विद्यालयको बर्गीकरण** : विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ।

१७. **विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने :** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

१८. **शुल्क सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकार वा नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

१९. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था :** (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ।

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

२०. **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ।

२१. **शैक्षिक योग्यता :** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

२३. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

२४. **शिक्षकको सरुवा :** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।

२६. **अध्यापन अनुमति पत्र लिनुपर्ने :** आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन।

२७. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन :-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान

(घ) शुल्कबाट प्राप्त अनुदान

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान

(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्युसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **प्रारम्भिक बालविकास शिक्षा :** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(२) नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

३०. **अनौपचारिक शिक्षा :** नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

३१. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

३२. **प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

३३. **दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिमको/ बराबर जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

३४. **अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने** : विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ।

३५. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारबाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

३६. **दरबन्दी सिर्जना गर्न सक्ने** : नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि नगरपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ।

३७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ।

३८. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई नगर कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्न सक्नेछ।

३९. **बाधा अड्काउ हटाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

४०. **बचाउ र लागू नहुने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान संघीय तथा प्रदेश कानून संग बाझिएको हकमा बाझिएका दफाहरु स्वतः निष्क्रिय हुनेछन्।

***

ध्यानकुमार थापा
प्रमुख प्रशासकिय अधिकृत